# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)**
**लुम्बिनी प्रदेश, नेपाल**


प.सं. ०८२/०८३
च.नं. ८९६

मिति २०८२/०६/०७

विषय : साधारण सभा सञ्चालन सम्वन्धि निर्देशन कार्यान्वयन गर्नु गराउनुहुन।

श्री सहकारी संस्था सवै
बर्दघाट नगरपालिका, नवलपरासी (बर्दघाट- सुस्ता पश्चिम)

प्रस्तुत विषयमा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुले साधारण सभालाई सदस्य केन्द्रित र मितव्ययी बनाई सुशासन कायम गर्न आवश्यक देखिएकोले नेपाल सरकार, राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन नं. २/०८२/८३ मिति २०८२/०५/१७ गते जारी भएको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको साधारण सभा सञ्चालन सम्वन्धी निर्देशन पुर्ण रुपले कार्यान्वयन गर्नु गराउनुहुन अनुरोध छ। साथै उक्त निर्देशन पाना-२ यसै पत्रसाथ संलग्न गरिएको छ।

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

नेपाल सरकार

राष्ट्रिय सहकारी नियमन प्राधिकरण

पुल्चोक,ललितपुर।

## बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको साधारण सभा संचालन सम्बन्धमा जारी निर्देशन

निर्देशन नं: ०२/२०८२/८३ जारी मितिः २०८२/०५/१७

सहकारी ऐन, २०७४ को दफा ३९(२) वमोजिम वचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको साधारण सभालाई सदस्य-केन्द्रित र मितव्ययी वनाई सुशासन कायम गर्न आवश्यक देखिएकोले सोही ऐनको दफा १०३(ज) को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय सहकारी नियमन प्राधिकरणले देहाय वमोजिमको निर्देशन जारी गरेको छः

१. वचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको साधारण सभामा सहकारी संस्थाको दर्ता, नियमन, अनुगमन वा सुपरीवेक्षणसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्वन्धित कुनै पनि निकायका गैर-सदस्य कर्मचारी वा पदाधिकारी सहभागी नहुने/नगराउने। यस विपरीत त्यस्ता पदाधिकारीहरूको सहभागितालाई स्वार्थको द्वन्द्व (Conflict of Interest) मानिने।

२. साधारण सभामा गैर-सदस्य व्यक्ति वा पदाधिकारीलाई आमन्त्रण गरी उद्‌घाटन सत्र, आसनग्रहण वा अतिथिका मन्तव्यजस्ता औपचारिक कार्यक्रममा समय व्यतीत नगरी सीधै साधारण सभाको छलफल एजेन्डामा प्रवेश गर्ने।

३. सहकारी संस्था आवद्ध रहेको माथिल्लो संघवाट कुनै परामर्श आवश्यक परेमा वा सदस्य शिक्षा दिनु परेमा न्यूनतम संख्यामा मात्र गैर-सदस्य प्रतिनिधि वा स्रोत व्यक्तिलाई साधारण सभाको प्रारम्भमै परामर्श वा सदस्य शिक्षा प्रदान गर्ने गरी आमन्त्रण गर्न सकिने।

४. साधारण सभामा नयाँ कार्यसमिति निर्वाचित गर्नुपर्ने अवस्थामा निर्वाचन उपसमिति सहित निर्वाचन सम्पन्न गर्न आवश्यक पर्ने जनशक्तिलाई उपस्थित गराउन सकिने।

५. वचतकर्ताको हितलाई मध्यनजर गरी संस्थामा मितव्ययीता कायम गर्न साधारण सभामा उद्‌घाटन, अतिथि सत्कार, यातायात खर्च, सहभागी भत्ता, अतिथि उपहार, भोजभतेर (आवश्यकता अनुसार सदस्यहरूको सामान्य खाजा/खाना वाहेक) जस्ता क्रियाकलापमा फजुल खर्च नगर्ने/नगराउने।



Scanned with CamScanner

- सहकारी संस्थाको कार्यक्षेत्रभित्र सदस्यहरूलाई पायक पर्ने स्थानमा साधारण सभाको आयोजना गर्नुपर्ने।

७. बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाले प्रचलित कानून तथा यस निर्देशन बमोजिम साधारण सभा सम्पन्न गरी सोको एक महिनाभित्र यस प्राधिकरणमा विद्युतीय प्रणाली (इमेल ठेगाना: admin@ncra.gov.np) मार्फत संक्षिप्त प्रतिवेदन पेश गर्नुपर्ने।

८. यस निर्देशनको पालना नभएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने।

२०८१।०५।१८

(शेषनारायण पौडेल)
कार्यकारी निर्देशक/प्रवक्ता

बोधार्थ
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री नेपाल राष्ट्र बैंक, बालुवाटार काठमाडौं।
श्री सहकारी विभाग, नयाँ बानेश्वर काठमाडौं।
श्री राष्ट्रिय सहकारी महासंघ, पुल्चोक, ललितपुर।

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
नेपाल सरकार

Scanned with CamScanner